राक्सिराङ्ग गाउँसभा

अठारौं (बर्षे) अधिवेशन

बैठक संख्या—२

**गाउँसभाको अठारौं (बर्षे) अधिवेशनको दोश्रो बैठकमा प्रस्तुत "आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि विनियोजन विधेयक,२०८२ माथि छलफल गरी पारित गर्ने" सम्वन्धी प्रस्ताव**

प्रस्ताव नं. :०२

मितिः २०८२/०३/१० गते
मंगलबार

ने.सं. ११४५ तछलागा १४, मंगलवार

समय : दिनको १२:०० बजे

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सबै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विकासको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने कानूनी व्यवस्था र स्थानीय योजना तर्जुमा दिग्दर्शन बमोजिम स्थानीय तहले बार्षिक रुपमा विकासको बार्षिक कार्यक्रम, विनियोजन विधेयक गाउँसभामा पेश गर्नुपर्ने व्यवस्था गरेको हुँदा सम्मानित गाउँसभामा प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८२/०८३ को विनियोजन विधेयक, २०८२ गाउँसभामा पेश गरि आगामी आर्थिक बर्षको बार्षिक योजना तथा बजेट तर्जुमा गर्नुपर्ने भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम सबै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विकासको बार्षिक योजना बनाई लागू गर्नुपर्ने कानूनी व्यवस्था र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिम स्थानीय तहले बार्षिक रुपमा विनियोजन विधेयक गाउँसभामा प्रस्तुत गर्न गाउँ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने व्यवस्था अनुसार आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृत गर्ने ।

## राक्सिराङ गाउँपालिकाको विनियोजन विधेयक, २०८२

<u>प्रस्तावना:</u> राक्सिराङ्ग गाउँपालिकाको आर्थक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम राक्सिराङ्ग गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ऐनको नाम "राक्सिराङ्ग गाउँपालिकाको विनियोजन ऐन,२०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** (१) आर्थिक बर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६३ करोड ५२ लाख ३१ हजार २ सय ८९ मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च अधिकार दिइएको रकम आर्थिक बर्ष २०८२/०८३ को निमित्त राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकबाट रकम सार्न सकिनेछ ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमा सार्न परेमा गाउँसभाको स्वीकृती लिनुपर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिकाको कार्यालय (वडा कार्यालय समेत) | ४८,५३,५४,१५५ | १४,९८,७७,१३४ | ० | ६३,५२,३१,२८९ |
| २ | | विषयगत शाखा | | | | |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | | | | |

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।

| | | | |
|---|---|---|---|
| शुक्र बहादुर प्रजा<br>वडा सदस्य | जनक बहादुर सारु मगर<br>वडा सदस्य | चमेली माया सुनार<br>वडा सदस्य | सुर्य बहादुर थिङ्ग<br>वडा सदस्य |
| दिल बहादुर स्याङ्गतान<br>वडा सदस्य | शान्ती माया विश्वकर्मा<br>वडा सदस्य | मनमाया थिङ्ग स्याङ्गतान<br>वडा सदस्य | सुनिल ब्लोन<br>वडा सदस्य |
| केशव चेपाङ<br>वडा सदस्य | पार्वती सुनार<br>वडा सदस्य | सन्त माया चेपाङ<br>वडा सदस्य | तिलक बहादुर मुक्तान<br>वडा सदस्य |
| भिम बहादुर प्रजा<br>वडा सदस्य | विमला वि.क.<br>वडा सदस्य | अनिसा प्रजा<br>वडा सदस्य | विसन कुमार प्रजा<br>वडा सदस्य |

| | | | |
|---|---|---|---|
| विराजमान प्रजा<br>वडा सदस्य | मिठु माया प्रजा<br>वडा सदस्य | राम शरण मुक्तान<br>वडा सदस्य | मदन स्याङतान<br>वडा सदस्य |
| सिता थिङ<br>वडा सदस्य | केदार सुवेदी<br>वडा सदस्य | निर्मला दोङ<br>वडा सदस्य | गंगा वि.क.<br>वडा सदस्य |
| अनिता शाह<br>वडा सदस्य | प्रदिप मुक्तान<br>वडा सदस्य | अर्जुन थिङ<br>वडा सदस्य | शारस थिङ<br>वडा सदस्य |
| पूर्ण बहादुर मुक्तान<br>वडा सदस्य | भिम बहादुर मुक्तान<br>वडा सदस्य | सुमित्रा वि.क.<br>वडा सदस्य | आस माया थिङ<br>वडा सदस्य |
| चन्द्रमान प्रजा<br>कार्यपालिका सदस्य | सिङ्गलाल प्रजा<br>कार्यपालिका सदस्य | शान्ता कुमारी अर्याल<br>कार्यपालिका सदस्य | शुशिला सुनार<br>कार्यपालिका सदस्य |
| सजिना मुक्तान नेपाली<br>कार्यपालिका सदस्य | सुजता दमाइ<br>कार्यपालिका सदस्य | राम कुमार बाल्वा थिङ<br>वडा अध्यक्ष | युसाई प्रजा<br>वडा अध्यक्ष |
| राम बहादुर प्रजा<br>वडा अध्यक्ष | अकल बहादुर मोक्तान<br>वडा अध्यक्ष | हरि बहादुर प्रजा<br>वडा अध्यक्ष | संजय कोइराला<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| उत्तम वाइबा<br>वडा अध्यक्ष | बुद्ध राम मुक्तान<br>वडा अध्यक्ष | बाबी राम मुक्तान<br>वडा अध्यक्ष |

| | |
|---|---|
| ..................................<br>बनस्तम थिङ्ग<br>उपाध्यक्ष | ..................................<br>राजकुमार मल्ल<br>अध्यक्ष |